आज मिति **२०७५ साल माघ १४ गते सोमवार विहान ८ : ०० बजे** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.

२. श्री रेशमराज अधिकारी स.ले.पा.

३. श्री बिनीता अधिकारी स.म.वि.नि.

**प्रस्तावहरु :**

१. मेयर कप भलीवल प्रतियोगितामा बिजयी खेलाडीलाई बधाई ज्ञापन सम्वन्धमा ।

२. शोक प्रस्ताव पारित गर्ने सम्वन्धमा ।

३. ठेक्क नलागेको स्थानहरुको नदीजन्य पदार्थको सोझै वार्ताद्वारा ठेक्का लगाउने सम्वन्धमा ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.३०७९ मिति २०७५/१०/०९ को पत्रानुसार मासिक डोर र ज्यालादारीका कर्मचारीहरु सम्वन्धमा ।

५. अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्वन्धी कार्यविधि,२०७५ को दफा ६ (१) अनुसार स्थानीय समन्वय समिति गठन सम्वन्धमा ।

६. नदीजन्य पदार्थको उत्खनन् सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा तुलसीपुर उप-महानगरपालिकाको आयोजनामा यहि मिति २०७५ साल पौष १० गते देखि आयोजना गरिएको पालिकास्तरीय मेयर कप पुरुष भलीवल प्रतियोगितामा यस राप्ती गाउँपालिकाबाट सहभागि भई दोस्रो स्थान प्राप्त गर्न सफल सम्पूर्ण खेलाडी, टिम कोच र व्यवस्थापकलाई बधाई ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका ६ नं.वडाका वडा अध्यक्षका श्री वेद प्रसाद चौधरीका पुज्य पिता श्री खेमराज चौधरीको मिति २०७५ साल पौष ४ गते ७९ वर्षको उमेरमा असामहिक निधन भएकाले मृत आत्माको चिर शान्ति तथा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै दु:खको यस घडीमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी यस राप्ती गाउँ कार्यपालिकाले शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने राप्ती नदीको खुरुरीया बगर, भानपुर बगर, बगरापुर बगर र मझेरीया ईन्टेक नजिकको बगर क्षेत्रको २ पटक टेण्डर आह्वानको लागि सूचना प्रकाशन गर्दा पनि ठेक्का लाग्न नसकेको र हाल उक्त क्षेत्रहरु मध्ये खुरुरीया बगर, भानपुर बगर र बगरापुर बगर यती ३ स्थानमा नदीजन्य पदार्थको उत्खनन् कार्यको लागि प्रदेश सरकाले तोकेको दररेटमा नघटने गरी पहिले निकासी भएको परिमाण घटाई सोझै वार्ताद्वारा सम्झौता गर्न ईच्छुक भई श्री आचार्य बिल्डर्स प्रा.लि.को १ (एक) मात्र निवेदन प्राप्त भएको श्री आचार्य बिल्डर्स प्रा.लि. सँग सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं.४ माथी छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.३०७९, मिति २०७५/१०/०९ को पत्रानुसार दरबन्दीभन्दा बाहेक मासिक डोर र ज्यालादारीमा कार्यरत कर्मचारी सेवा करारमा नराख्न भनी आएको निर्देशन सम्वन्धमा यस आ.व.को आषाढ मसान्त पश्चात सो को अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्वन्धी कार्यविधि,२०७५ को दफा ६ (१) अनुसार परिचय-पत्र वितरण गर्ने प्रयोजनका लागि यस राप्ती गाउँपालिकाको उपाध्यक्ष श्री जगदम्बा कुमारी चौधरीको संयोजकत्वमा देहायका सदस्यहरु रहने गरी स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

***स्थानीय समन्वय समितिमा रहने पदाधिकारीहरुको विवरण :-***

| | |
|---|---|
| उपाध्यक्ष श्री जगदम्बा कुमारी चौधरी | - संयोजक |
| महिला सदस्य सुनीता मल्ल | - सदस्य |
| मा.वि.को प्र.अ सीता रिजाल | - सदस्य |
| चिकित्सक पुष्प भुसाल | - सदस्य |
| अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा कार्यरत संस्थाबाट दुःखराम सार्की | - सदस्य |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय दाङको १०८४ मिति २०७५/१०/१३ को पत्रसाथ प्राप्त निर्णय नं. २ को सन्दर्भमा नदीजन्य पदार्थको उत्खनन् गर्दा जे.सी.वि.को प्रयोग गरिएको भन्ने गुनासोको सन्दर्भ यस गाउँपालिकालाई जानकारी प्राप्त भयो र यस गाउँपालिकाले नदीजन्य पदार्थको उत्खनन् कार्यको लागि ठेक्का लगाएको स्थानमा जे.सी.वि.को प्रयोग गरिएको छैन र प्रयोग गर्नुपर्ने अवस्था भएमा जिल्ला समन्वय समितिको अनुमति लिएर मात्र प्रयोग गर्ने निर्णय गरियो ।